# मिति २०७५।०४।०१ बाट लागू हुने नयाँ राजस्व संकेतहरु

| राजस्व आधार शीर्षक, मूल शीर्षक, शीर्षक तथा आधार शीर्षक | व्याख्या | साविकको राजस्व संकेत | आ.व. २०७५।७६ बाट लागू हुने नयाँ राजस्व संकेत |
|---|---|---|---|
| एकलौटी फर्म तथा व्यक्तिगत आयमा | एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर यसमा पर्दछ। | ११११११ | ११११११ |
| पारिश्रमिक कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, | ११११२ | ११११२ |
| पूँजीगत लाभकर | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा व्यक्ति तथा एकलौटी फर्मलाई लाग्ने कर यसमा पर्दछ। | ११११३ | ११११३ |
| निकायको मुनाफामा लाग्ने कर- सरकारी संस्थान | सरकारको पूर्ण वा अधिकांश (५० प्रतिशत भन्दा बढी)स्वामित्व भएका सरकारी निकाय तथा त्यस्ता निकायको व्यवस्थापकीय नियन्त्रण भएको निकायको आयमा लाग्ने कर यसमापर्दछ। | १११२१ | १११२१ |
| निकायको मुनाफामा लाग्ने कर- पब्लिक लिमिटेड कम्पनी | कुनै विशेष ऐन वा कम्पनी ऐन अन्तर्गत दर्ता भएका पव्लिक लिमिटेड कम्पनी र सरकारको ५० प्रतिशत भन्दा कम स्वामित्व भएका कम्पनीको आयमा लाग्ने कर यसमा पर्दछ। | १११२२ | १११२२ |
| निकायको मुनाफामा लाग्ने कर-प्राइभेट लिमिटेड कम्पनी | कम्पनी ऐन अन्तर्गत दर्ता भएका प्राइभेट लिमिटेड कम्पनी तथा आयकर ऐन बमोजिम तोकिएको कम्पनीको आयमा लाग्ने | १११२३ | १११२३ |
| निकायको मुनाफामा लाग्ने कर- अन्य संस्था | माथि उल्लिखित उपशीर्षक १११२१ देखि १११२३ भित्र परेका बाहेक अन्य संस्थाहरुः- साझेदारी फर्म, सहकारी संस्था, ट्रष्ट, युनिट ट्रष्ट, संघ/संस्था, विदेशी कम्पनी एवं अन्य निकायको | १११२४ | १११२४ |
| पुँजीगत लाभकर- निकाय | घर, जग्गा, शेयर आदि सम्पत्तिको बिक्री, पट्टा, हक हस्तान्तरण लगायत विभिन्न किसिमका निःसर्गबाट भएको पुँजीगत लाभमा | १११२५ | १११२५ |
| सम्पती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | घर, जग्गा, सवारी साधन तथा अन्य अचल सम्पती बहाल वा पट्टा वा दीर्घकालीन करारमा दिए वापतको आयमा लाग्ने कर | १११३१ | १११३१ |
| ब्याजमा लाग्ने कर | बैंक, वित्त कम्पनी वा अन्य निकाय वा व्यक्तिबाट भुक्तानी गरिने वा प्राप्त हुने ब्याजमा लाग्ने कर यसमा पर्दछ। | १११३२ | १११३२ |
| लाभांशमा लाग्ने कर | कुनै पनि कम्पनी वा निकायमा लगानी गरे वापत् प्राप्त हुने लाभांशमा लाग्ने कर यसमा पर्दछ। | १११३३ | १११३३ |
| लगानीसम्बन्धी अन्य आयमा लाग्ने कर | लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर यसमा पर्दछ। | १११३४ | १११३४ |
| आकस्मिक लाभकर | जुवा, चिठ्ठा, बाजी, उपहार, दान, अपुताली, सुराकी, पुरस्कार लगायतका आकस्मिक लाभका स्रोतबाट प्राप्त आयमा लाग्ने | १११३५ | १११३५ |
| अन्य आयमा लाग्ने कर | माथि उल्लिखित शीर्षक नं. हरूमा नपरेका अन्य आयमा लाग्ने | १११३६ | १११३९ |
| पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | कुनै प्राकृतिक व्यक्तिले रोजगारीबाट प्राप्त गरेको तलव, ज्याला, मजदुरी, पारिश्रमिक, भत्ता एवं सुविधा, अवकाश भुक्तानी, रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी, अध्ययन, अध्यापन आदि विभिन्न स्रोतबाट हुने समग्र आयमा एकमुष्ट | ११२११ | ११२११ |
| बाँडफाँड हुने बाहेक अन्य स्रोतबाट प्राप्त हुने मू.अ.कर | सरकारका तहहरूबीच बाँडफाँड हुने गरी तोकिएका शीर्षक बाहेक बाँडफाँड नहुने गरी अन्य कुनै शीर्षकमा कानुन बमोजिम लगाईने मू.अ.कर वापतको रकम यसमा पर्दछ । | - | ११४१२ |
| स्वास्थ्य सेवा कर | सरकार तथा सामुदायिक अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवा बाहेक अन्य स्वास्थ्य संस्थाले प्रदान गर्ने स्वास्थ्य सेवामा | ११४४२ | ११४४२ |

| | | | |
|---|---|---|---|
| शिक्षा सेवा शुल्क- शैक्षिक संस्था | निजी शैक्षिक संस्थाहरूले प्रदान गर्ने तोकिएका शैक्षिक सेवाहरूमा लाग्ने शिक्षा सेवाशुल्क यसमा पर्दछ। | ११४४३ | ११४४३ |
| शिक्षा सेवा शुल्क- वैदेशिक अध्ययन | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीहरूले बुझाउनु पर्ने शिक्षण शुल्कमा लाग्ने सेवाशुल्क वापत्को रकम यसमा पर्दछ। | ११४४४ | ११४४४ |
| मू.अ.क.-उत्पादन संकलन | उत्पादन कर्ताले वस्तु उत्पादन गरी बिक्री गर्दा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। | ११४११ | ३३१११ |
| मू.अ.क.-आयात | आयातकर्ताले मालसामान पैठारी गर्दा भन्सार विन्दुमै तिर्नुपर्ने मूल्य अभिवृद्धि कर यसमापर्दछ। | ११४१२ | ३३११२ |
| मू.अ.क.-वस्तु बिक्री र वितरण संकलन | थोक तथा खुद्रा बिक्रेताबाट मूल्य अभिवृद्धि कर वापत् तिर्नु | ११४१३ | ३३११३ |
| मू.अ.क.-परामर्श तथा ठेक्का संकलन | सबै प्रकारका ठेक्का व्यावसाय तथा परामर्श सेवामा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका ठेक्का कर असुल भएमा यसैमा | ११४१४ | ३३११४ |
| मू.अ.क.-पर्यटन सेवा संकलन | पर्यटन व्यवसायसँग सम्बन्धित होटल, ट्राभल एजेन्सी, पदयात्रा (ट्रेकिङ), जलयात्रा (ऱ्याफ्टिङ) समेतका व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका होटल कर असुल भएमा यसैमा | ११४१५ | ३३११५ |
| मू.अ.क.-संचार सेवा, विमा, हवाई उडान र अन्य सेवा संकलन | सबै प्रकारका सञ्चार सेवा (सरकारी हुलाक सेवा बाहेक), बीमा र तोकिएका अन्य सेवाको बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर र हवाई उडान कर वापत्को रकम यसमा पर्दछ। मूल्य अभिवृद्धि कर लागु हुनु अगाडि असुल हुन बाँकी रहेका | ११४१६ | ३३११६ |
| मू.अ.क.-बेदर्तावालाबाट गर्ने संकलन | नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्दा उठाउनु पर्ने मूल्य अभिवृद्धि कर, काठ बिक्रीमा लगाइने मूल्य अभिवृद्धि कर, स्थानीय तह वा नेपाल स्थित अन्तर्राष्ट्रिय संघ संस्था वा नियोग वा सरकार वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोवार गर्ने सार्वजनिक संस्थानले सङ्कलन/दाखिला | ११४१७ | ३३११७ |
| **बाँडफाँड हुने अन्तःशुल्क** | **विभिन्न प्रकारका मालवस्तु उत्पादन गर्दा लाग्ने अन्तःशुल्क यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन।** | **११४२०** | **३३१३०** |
| सुर्तिजन्य पदार्थ- संकलन | सबै प्रकारका सुर्तीजन्य पदार्थको उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्रीइजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। | ११४२१ | ३३१३१ |
| मदिरा- संकलन | मदिरा (वाईन र हल्का पेय पदार्थ समेत)मा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर | ११४२२ | ३३१३२ |
| बियर- संकलन | वियरमा लाग्ने अन्तःशुल्क रकम, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। | ११४२३ | ३३१३३ |
| अन्य औद्योगिक उत्पादन- संकलन | माथि उल्लिखित उपशीर्षक ११४२१, ११४२२ र ११४२३ मा परेको बाहेक अन्य औद्योगिक उत्पादनमा लाग्ने अन्तःशुल्क, उत्पादन र बिक्री इजाजत दस्तुर र नवीकरण दस्तुर यसमा पर्दछ। | ११४२४ | ३३१३४ |